बैठक नं. १०

आज मिति २०७७/१०/२६ गतेका दिन यस कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूटबहादुर रावतज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूटबहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | छविलाल नेपाली | सचिव | |
| | सहयोगी कर्मचारी | | |
| १ | बिर बहादुर बि.के. | अधिकृत छैठौं | |

आज मिति २०७७/१२/०१ गतेका दिन कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूटबहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | लुट वहादुर रावत | नगर प्रमुख | |
| २ | सन्जु कुमारी चौधरी | उप-प्रमुख तथा सदस्य | |
| ३ | गोपीलाल खनाल | सदस्य | |
| ४ | कर्णसिंह वुढा क्षेत्री | सदस्य | |
| ५ | माधव रिजाल | सदस्य | |
| ६ | तिरथराम थारु | सदस्य | |
| ७ | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८ | रामसरन थारु | सदस्य | |
| ९ | दिपकजंग शाह | सदस्य | |
| १० | रेशम वहादुर खत्री | सदस्य | |
| ११ | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२ | निम वहादुर चलाउने | सदस्य | |
| १३ | कर्ण वहादुर थापा | सदस्य | |
| १४ | नैन बहादुर शाही | सदस्य | |
| १५ | ओम प्रकाश वली | सदस्य | |
| १६ | टेकचन हरिजन्र | सदस्य | |
| १७ | पतिराम थारु | सदस्य | |
| १८ | लिला कुमारी पाण्डे | सदस्य | |
| १९ | नारायणी वली | सदस्य | |
| २० | गिता सुनार | सदस्य | |
| २१ | कल्पना शर्मा | सदस्य | |
| २२ | शान्ति सुनार्नी | सदस्य | |
| २३ | दयाराम वि.क. | सदस्य | |
| २४ | भिम वहादुर नेपाली | सदस्य | |
| २५ | डिल वहादुर परियार | सदस्य | |
| २६ | छविलाल नेपाली | सचिव | |

आमन्त्रित / सहयोगी

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कान्छमा महतारा | इन्जिनियर | |
| २. | बीर वहादुर वि.के. | अधिकृत [illegible] | |
| ३. | राजेन्द्र [illegible] | को.प्र. | |

निर्णय नं.१:

प्रस्ताव नं १ माथि छलफल गर्दा तपशिलका कार्यविधि र रणनीतिक योजना आजको यस कार्यपालिका बैठकबाट पारित गर्ने निर्णय गरियो ।

तपशिल

१. जलस्रोत उपयोग कार्यविधि, २०७७
२. बाल बिबाह अन्त्यका लागि कोहलपुर नगरपालिकाको रणनीतिक योजना,२०७७-२०७९

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल कोहलपुर नगरपालिका वडानं ११ लोकनगर र शान्तिनगरवरपर नगर विकास समितिको स्वामित्व रहेको जग्गा अतिक्रमण गरी बसोबास गरेका ब्यक्तिहरुले बसाइ सराई दर्ता सहित घर धुरी कायमा दिनु पर्ने र भुमि सम्वन्धी समस्या समाधान आयोग लगत संकलन कार्य समेत गरि दिनु पर्ने भनी मिति २०७७।११।०७ गते देखि चरण बद्ध आन्दोलन गरिरहेको हुदाँ सो स्थानमा करिव सात आठ सय घर धुरी व्यक्तिहरु नगर विकास समितिको जग्गा अतिक्रमण गरी जवर्जस्त रुपमा वसोबास गरि रहेकोले वास्तविक भुमिहिन र सुकुम्वासी भएमा छानविन गरि भुमिहिन र सुकुम्वासी भएमा अन्यत्र व्यवस्थापनका लागि संघीय सरकार भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय,शहरी विकास मन्त्रालय, भुमि सम्वन्धी समस्या समाधान आयोग,ताहाचल,काठमाण्डौ र व्यक्तिगत घटना दर्ता सम्वन्धमा राष्ट्रिय पंजिकरण विभागमा लेखि पठाउने निर्णय गरियो ।वास्तविक भुमिहिन सुकुम्वासी,भुमि हिन दलित भए नभएको सम्वन्धमा छानविन गर्न जिल्ला प्रशासन कार्यालय,बाँकेको संयोकत्वमा तपशिल अनुसारका कार्यालयका अधिकृत प्रतिनिधिहरु समेत रहने गरि छानविन समिति गठन गर्ने निर्णय गरियो

तपशिल

१. जिल्ला प्रशासन कार्यालय,बाँकेका प्रतिनिधि – संयोजक
२. जिल्ला समन्वय समिति,बाँकेका प्रतिनिधि- सदस्य
३. इलाका प्रशासन कार्यालयका प्रतिनिधि - सदस्य
४. कोहलपुर नगरपालिका पुर्वाधार शाखाका इन्जिनियर -सदस्य

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ३

भुमि सम्वन्धी समस्या समाधान आयोग लगत संकलन इकाई,कोहलपुर नगरपालिकामा १५ वटै वडा कार्यालयबाट लगत संकलन कार्य सम्पन्न भइ लगत संकलन कार्यको कम्प्युटर प्रविष्ट गर्नु पर्ने भएको र हाल भुमि सम्वन्धी लगत संकलन इकाईमा एउटा मात्र सहायक कम्प्युटर अपरेटरबाट फारामहरु इन्ट्री गर्न निर्धारित समय नसकिने अवस्था भएको हुदाँ उक्त कार्यलाई छिटो सम्पन्न गरि जग्गाको नाप नक्सा कार्य अगाडि बढाउनु पर्ने भएकोले आवश्यक जनशक्ति (स.क.अ.) ज्यालादारीमा लिएर काम काजमा लगाउन लगत संकलन इकाई प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं ४

भुमिहीन दलित, भुमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्वन्धी कार्यविधि,२०७७ अनुसार लगत संकलन प्रयोजनका लागि यस कोहलपुर नगरपालिकाको राजमार्ग क्षेत्र संग जोडिएका बस्ति वा क्षेत्रलाई शहर उन्मुख क्षेत्र र अन्य बस्ति वा क्षेत्रहरुलाई ग्रामीण क्षेत्रको रुपमा कायम गर्ने निर्णय गरियो ।

निर्णय नं ५

भुमि सम्वन्धी समस्या समाधान आयोग लगत संकलन इकाइमा रहेका करार सेवाका सर्भेक्षक र अमिनहरुलाई जग्गाको नाप जाँच तथा भुमि सम्वन्धी ऐन कानूनका सम्वन्धमा जानकारी गराउन अभिकुखिकीरण कार्यक्रममा नापी कार्यालय,बाँकेलाइ अनुरोध गर्ने साथै लगत संकलन इकाइमा एकजना सर्क्षेक्षकलाई काजमा पठाइदिन हुन नापी कार्यालय,बाँकेलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ६

बायो ग्यास प्लान्ट सहितको फोहोर मैला व्यवस्थापन सम्वन्धी कार्य गर्न आवश्यक सहयोगका लागि बैकल्पिक उर्जा प्रर्वद्धन केन्द ,काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ७

बिद्युतिय शव दाह गृह निर्माणका लागि उपयुक्त स्थान छनौट गरि छिमेकी गाँउ पालिका राप्ति सोनारी गा.पा. संग समन्वय गरी यस कोहलपुर नगरपालिका वडा नं १२ को जमुनी घाट ,वडा नं १३ को रानी घाट र अन्य उपयुक्त स्थान समेत छनौट गरि सोही स्थानहरुको डिपिआर गर्ने निर्णय गरियो ।

निर्णय नं ८

यस कोहलपुर नगरपालिकामा भू उपयोग सेवा केन्द्र संचालनका लागि भु-सेवा केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं ९

अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्र संचालनको लागि बिराट खानेपानीको पुर्व तर्फको जमिन करिव ६ कट्टा १५ धुर जग्गा उपलब्ध गराउन भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १०

पुराना तथा प्रयोग विहिन सामान अवस्थामा रहि मर्मत सम्भार गरेर पुनः प्रयोग गर्न मिल्ने सामानहरु (सवारी साधन र मेशिनरी उपकरण आदि) प्राप्त भएको खण्डमा यस कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयले मर्मत र ढुवानी खर्च व्यहोर्ने गरि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संग माग गर्ने निर्णय गरियो

निर्णय नं ११

यस कोहलपुर नगरपालिकाबाट जेष्ठ नागरिक तथा गर्भवती महिलाहरुको निःशुल्क सेवा पुर्याउने उदेश्यले खरिद गर्न लागेको एम्बुलेन्सको भन्सार छुटको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाह पथ काठमान्डौलाई अनुरोध गर्ने निर्णय गरियो |

निर्णय नं १२

यस कोहलपुर नगरपालिका र काठमान्डौ महानगरपालिका विच पारस्परिक सहयोग र आपसी हितको लागि भगनी सम्वन्ध राख्न काठमान्डौ महानगरपालिका संगै प्रस्ताव सहित अनुरोध गर्ने निर्णय गरियो |

निर्णय नं १३

नागरिक उड्डयन तथा पर्यटन मन्त्रालयवाट कोहलपुर नगरपालिका क्षेत्र भित्र रहेका ताल तलैया संरक्षणका निमित्त प्राप्त वजेटमा यस नगरपालिकाले समपुरक कोषराख्नु पर्ने वजेट आगामी आ.व. को बजेटबाट बिनियोजन गर्ने गरी थप गरी बोल पत्र खोल्ने निर्णय गरियो ।

निर्णय नं १४

कोहलपुर वडा नं १० र १३ मा सिक्टा सिचाई योजनाको क्यानलका कारणले आवत जावत गर्न सर्व साधारणलाई समस्या परेको हुदाँ स्लाप पुल बनाई दिन सिक्टा आयोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १५

प्रस्ताव नं.१५ मा छलफलगर्दा "घ" **वर्गको** निर्माण व्यवसायी ईजाजतको लागि प्राप्त भएका निवेदनहरु मध्ये तपशिलका फर्महरुलाई "घ" **वर्गको** निर्माण व्यवसायी ईजाजत पत्र दिने निर्णय गरियो

तपशिल :

१. भाबेश कन्ट्रक्सन प्रा.लि. कोहलपुर -१३ बाँके

निर्णय नं. १६

प्रस्ताव नं. १६ मा छलफल गर्दा वडा नं. २ वडा कार्यालय भवन निर्माण (ठेक्कामा छुटेका कामहरु) र फर्निचरको भुक्तानी दिन बाँकी दायित्व हाल सम्म भुक्तानी नभएको हुँदा उक्त योजनाको २०७७/१२/३० सम्म म्याद थप गरि प्राबिधिक मुल्याकनको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १७

यस नगरपालिकामा स्थापना भएको कोभिड अस्पतालमा करार सेवामा कार्यरत डा. सन्तोष बि. सि. को २०७८ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

प्रस्ताव नं. १८ मा छलफल गर्दा कोहलपुर १० स्थित कालिका नगर गोमा शाहीको घरदेखि उत्तर ११ नं. वडा सिमाना सम्म जोड्ने बाटो कालोपत्रे दरभाउ पत्र (कोटेशन) मार्फत भएको हुँदा ठेक्का सम्झौता अनुसारको रकम प्रविधिका मुल्याकनको आधारमा मर्मत सम्भार कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १९

प्रस्ताव नं. १९ मा छलफल गर्दा वडा नं. ६ को वडा कार्यालय र आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माणाधीन अवस्थामा रहेको र पानीको अभावको कारण निर्माण कार्य रोकिएको हुँदा डिप बोरिंग (समरशेल) दरभाउ पत्र (कोटेशन) मार्फत जडान गर्ने र समपुरक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २०

प्रस्ताव नं. २० मा छलफल गर्दा महिला , बालबालिका तथा जेष्ठ नागरिक शाखा कार्यालय कोहलपुरले १११ औ अन्तराष्ट्रिय महिला दिवसका विभिन्न कार्यक्रमहरु मनाउदा कार्यक्रमको लागि विनियोजन गरेको रकम रु. ८२१४०/- नपुगेको हुँदा बिबिध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २१

प्रस्ताव नं. २१ मा छलफल गर्दा International Nepal Fellowship (INF) बाँकेको नाममा रहेको भे १ च १५२५ नं को महिन्द्रा बोलेरो च्याम्पर 4WD सवारी साधन खरिद गरी ईलाका प्रहरी कार्यालय कोहलपुरको लाई हस्तान्तरण गर्ने निर्णय गरियो ।